परिवर्तनका लागि एक नयाँ आवाज


# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

वर्ष : ४ अंक : ८३ पृष्ठ ४ २०८२ पुष २९ गते, मंगलबार 13 January, 2026 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।




# पत्रकार स्व. सिंहको १७ औं स्मृति दिवस

टक नेपाल

शहीद पत्रकार उमा सिंहको १७ औं स्मृति दिवस जनकपुरधाममा विभिन्न कार्यक्रम गरी मनाइएको छ। नेपाल पत्रकार महासंघ धनुषा शाखाले स्वास्थ्य परीक्षण र श्रद्धाञ्जली सभा गरी स्मृति दिवस मनाएको हो । पत्रकारहरूको स्वास्थ्य र सम्मानलाई प्राथमिकतामा राख्दै शाखाले निशुल्क स्वास्थ्य परीक्षण कार्यक्रम तथा श्रद्धाञ्जली सभा नेपाल पत्रकार महासंघ धनुषाले आयोजना गरेको थियो। आइतवार बिहान महासङ्घ धनुषा शाखाको कार्यालय भवनमा आयोजित निशुल्क स्वास्थ्य परीक्षण कार्यक्रममा धनुषा जिल्लाका करीब ५० जना पत्रकारहरूले निशुल्क स्वास्थ्य परीक्षण गराएका छन् । जनकपुरधामस्थित प्रादेशिक अस्पताल अगाडि रहेको हाइटेक प्याथोलोजी ल्याबको सहकार्यमा सम्पन्न कार्यक्रममा सहभागी पत्रकारहरूको रक्तचाप, मधुमेह, लिपिड प्रोफाइल तथा युरिन परीक्षण निशुल्क गरिएको थियो । महासङ्घ धनुषा शाखाका अध्यक्ष पुरन साहले श्रमजीवी पत्रकारहरूको स्वास्थ्यलाई ध्यानमा राख्दै यस्तो कार्यक्रम आयोजना गरिएको बताएका छन् ।



जाडो मौसम र व्यस्त कार्यतालिकाबीच पनि पत्रकारहरूले स्वास्थ्यप्रति चासो दिनुपर्ने आवश्यकता औंल्याउँदै यस्ता कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता उनले व्यक्त गरे । त्यसैगरी, बेलुकी महासङ्घ भवन अगाडि शहिद पत्रकार उमा सिंहको स्मरणमा श्रद्धाञ्जली सभा आयोजना गरिएको थियो। कार्यक्रममा अग्रज पत्रकार, क्रियाशील पत्रकार, महासङ्घका पदाधिकारी तथा सदस्यहरूको उल्लेख्य उपस्थिति रहेको थियो । श्रद्धाञ्जली सभामा सहभागीहरूले उमा सिंहले पत्रकारिताको क्षेत्रमा दिएको योगदान र सत्यका लागि ज्यानसमेत आहुति दिएको साहसिक यात्राको स्मरण गर्दै उनीप्रति श्रद्धा अर्पण गरेका थिए । वक्ताहरूले शहिद पत्रकार उमा सिंह पत्रकारितामा निडरता, सत्य र सामाजिक न्यायका प्रतीकका रूपमा सदैव स्मरणीय रहने उल्लेख गरे ।

# 'ठेकेदारको दाबी अस्वीकार, डा. राउतको अभिव्यक्ति सुरक्षित'

टक नेपाल

सप्तरीको राजविराज-हनुमाननगर-भारदह र रुपनी-राजविराज सडक निर्माणमा भएको ढिलासुस्ती र लापरवाहीका विषयमा संसदभित्र कडाइका साथ आवाज उठाउनु जनप्रतिनिधिको संवैधानिक दायित्व हो। यही दायित्व निर्वाह गर्ने क्रममा जनमत पार्टीका अध्यक्ष एवं सप्तरी २ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित डा. सिके राउतमाथि ठेकेदार पक्षले गाली-बेइज्जतीको दाबी गर्दै मुद्दा दायर गरेपछि उक्त विषय राष्ट्रिय चासोको केन्द्र बनेको थियो। सप्तरी जिल्लाको प्रमुख सडक यो जनामध्ये एक मानिने राजविराज-भारदह सडक ठेक्का लिने ठेकेदारले समयमा काम सम्पन्न नगर्दा आम नागरिकले लामो समयदेखि सास्ती भोग्दै आएका थिए। यही विषयलाई संसदमा उठाउँदै डा. राउतले ठेक्का लिएर समयमा काम सम्पन्न गर्नुपर्ने दायित्वप्रति सरकार र सम्बन्धित पक्षको ध्यानाकर्षण गराउन फेसबुक मार्फत पनि सेयर गरेका थिए।

यो फैसला डा. सिके राउतको व्यक्तिगत जित मात्र नभई जनताको पक्षमा आवाज उठाउने सबै जनप्रतिनिधिका लागि नजीर पनि बनेको छ। तर, जनताको पीडा सार्वजनिक रुपमा उठाएको विषयलाई नै आधार बनाएर ठेकेदार संजिवकुमार साहले डा. राउतविरुद्ध अदालतमा 'गाली बेईज्जती'को मुद्दा २७ फागुन, ०८१ मा दायर गरेका थिए। पछिल्लो १० महिनादेखि डा. राउतले यो मुद्दामा तारेखसहितका कानुनी प्रक्रिया भोग्नुपरेको थियो। अन्ततः सम्मानित सप्तरी जिल्ला अदालतका माननीय न्यायाधीश मोहनबहादुर अधिकारीको इजलासले ठेकेदार पक्षको दाबी नपुग्ने ठहर गर्दै सोमबार मुद्दा खारेज गरेको छ। अदालतको यो फैसलाले जनप्रतिनिधिको रुपमा डा. राउतले जनहितका विषयमा उठाएको आवाज अपराध नहुने स्पष्ट सन्देश दिएको छ। यो फैसला डा. सिके राउतको व्यक्तिगत जित मात्र नभई जनताको पक्षमा आवाज उठाउने सबै जनप्रतिनिधिका लागि नजीर पनि बनेको छ। ठेक्कापट्टामा हुने लापरवाही, विकास निर्माणमा हुने ढिलाइ र त्यसले सिर्जना गर्ने जनपीडामाथि प्रश्न उठाउनु जनप्रतिनिधिको अधिकार मात्र होइन, जिम्मेवारी पनि हो भन्ने कुरा अदालतको निर्णयले पुनः पुष्टि गरेको हो। डा. राउतले यसअघि पनि विकास, सुशासन र जनउत्तर दायित्वका विषयमा निरन्तर आवाज उठाउँदै आएका छन्। अदालतको यो फैसलापछि जनताको पक्षमा अझ दृढताका साथ आवाज बुलन्द हुने अपेक्षा गरिएको छ।

## कल्याणपुरका तत्कालीन


# नगरप्रमुख साह भ्रष्टाचार मुद्दामा दोषी ठहर

टक नेपाल

सिरहाको कल्याणपुर नगरपालिकाका तत्कालीन नगरप्रमुख रामपुकार साह भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट दोषी ठहर भएका छन्। विशेष अदालतका न्यायाधीश सुदर्शनदेव भट्ट, हेमन्त रावल र उमेश कोइरालाको संयुक्त इजलासले साहलाई दोषी ठहर गर्ने फैसला गरेको अदालतका प्रवक्ता कृष्णशरण लामिछानेले जानकारी दिए।

लामिछानेका अनुसार साहलाई दोषी ठहर गर्दै अदालतले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा १ लाख रुपैयाँ जरिवाना र सोही उपदफाको (ख) बमोजिम ६ महिना कैद सजाय सुनाएको छ।


अख्तियारको टोलीले साहलाई गत असार ३२ मा सेवाग्राहीसँग १ लाख रुपैयाँ घुस लिएको अवस्थामा कार्यालयबाटै पक्राउ गरेको थियो। साहले कल्याणपुर ६ स्थित नाला निर्माण योजनाको कार्य सम्पन्न भई भुक्तानीको चेक दिने क्रममा उपभोक्ता समितिका प्रतिनिधिसँग घुस लिएका थिए। सेवाग्राहीसँग १ लाख रुपैयाँ घुस स्वरुप लिएको आरोपसहित अख्तियारले गत साउन २३ मा उनीमाथि विशेष अदालतमा भ्रष्टाचार सम्बन्धी मुद्दा दायर गरेको थियो। यसै प्रकरणमा बयान फेरेको भन्दै मंसिर २६ मा उजुरीकर्तासमेत रहेकी उपभोक्ता समितिकी अध्यक्ष जसोधा कुमारीमाथि पनि अख्तियारले भ्रष्टाचार मुद्दा दर्ता गरेको थियो। तर, जसोधाले भने सफाइ पाएकी छन् । जसोधाले प्रतिकूल हुने बयान दिए पनि मिसिलमा संलग्न विभिन्न प्रमाणबाट साहले घुस लिई भ्रष्टाचार गरेको विषय ठहर भइसकेकोले जसोधाले सफाइ पाउने ठहर्ने अदालतको फैसलामा उल्लेख छ।



शीत लहर तथा चिसोबाट हुने क्षती न्यूनीकरण सम्बन्धी सचेतनात्मक सन्देश !!!



- जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौं,
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं,
- घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं,
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओड्ने प्रयोग गर्ने र घर भित्र राति सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं,
- शीतलहर चलेको समयमा शीत नपर्ने सुरक्षित ठाउँमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाऔं,
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खाने कुरा र पर्याप्त मात्रामा तातो र झोलिलो खाने कुराहरु खाने,



- बालबालिका, वृद्ध-वृद्धा, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने,
- शीत लहर चलेको बेलामा पाल्तु पशुपंक्षीहरुलाई सकेसम्म खुला स्थानमा चराउन नलैजाने, घर टहरामै राखेर पर्याप्त घाँस पराल र दाना दिने,
- चिसोका कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य संस्थामा तुरुन्त उपचारको लागि जाने,
- चिसोका कारण पशुपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी उपचार गर्ने,
- कोठा भित्र आगो, मकल, हिटर लगाएतबाट तातो पार्दा पर्याप्त भेन्टिलेशन (हावा आवगतजावत) को व्यवस्था मिलाउने,
- शीत लहरबाट हुन सक्ने कृषिबाली र पशुपंक्षीको क्षतीलाई न्यून गर्न सेड, छाप्रो, छानो, प्लाष्टिक लगाएतका संरचनाद्वारा सुरक्षित गर्ने।

सोनमा गाउँपालिका, महोत्तरी
मधेश प्रदेश, नेपाल



पत्रिकाका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

### कांग्रेस विशेष महाधिवेशन : डिपार्चर लिने अवसर

लामो इतिहास भएका पार्टीहरूले सफलता-असफलता, आरोह-अवरोह, गति अवरोध-निकास, संकट-समाधानका अनेकौं चरण पार गरेका हुन्छन्। एकताका उपलब्धि र विभाजनका चोटपटक सहेका हुन्छन्। जनताका सपना र आकांक्षाका वाहक भएर अघि बढेका हुन्छन्, त्यसैले ती पार्टी सीमित नेता र कार्यकर्ताका संस्था मात्रै नभएर सार्वजनिक सम्पत्तिका रूपमा स्थापित भएका हुन्छन्। कांग्रेस त्यस्तै पार्टी हो। राणा शासनको अँध्यारोबाट जनतालाई मुक्त गरेर प्रजातन्त्रको उज्यालो छर्न गठित यो पार्टीले आठ दशकयता अनेकौं घुम्ती पार गरेको छ। तर जेन-जी आन्दोलनपछि कांग्रेसलगायत स्थापित पार्टीहरूमा खोजिएको नेतृत्वको पुस्तान्तरण तथा नीतिगत सुधारको आवाजलाई सम्बोधन गर्ने चुनौतीसहित विशेष महाधिवेशन सुरु भएको छ। कांग्रेस विशेष महाधिवेशन पार्टीभित्रका पक्ष र विपक्षको दाउपेचको लडाइँको रूपमा बुझियो भने लोकतन्त्रको अभ्यास र परिवर्तनको आकांक्षालाई पनि अवमूल्यन गरेको ठहर्नेछ। परम्परागत दलहरूमा ऐंजेरु बनिसकेको नेतृत्वको कार्यशैलीमाथि युवा पंक्तिको हस्तक्षेप मान्ने हो भने कांग्रेसको विशेष महाधिवेशन नेपालको राजनीतिक र लोकतान्त्रिक आन्दोलनमा एक कोशेढुंगा बन्नेछ। गठबन्धनका नाममा नेताहरूको कुर्सी दौड, राजनीतिक अस्थिरता र कुशासनले प्रताडित नेपाली समाजले नेतृत्व परिवर्तनको माग गरेको धेरै भइसक्यो। त्यसलाई बेवास्ता गर्दै एमाले र नेपाली कम्युनिस्ट पार्टी (साविक माओवादी) जस्ता कम्युनिस्ट पार्टी अधिनायकवादी नेतृत्वलाई आफ्नो अधिकार र गौरव ठान्न थालेका छन्। लोकतान्त्रिक दल कांग्रेसमा आवधिक नेतृत्व परिवर्तन हुँदै आए पनि नेतृत्वको मनमौजी भने उस्तै छ। त्यो पक्कै पनि चिन्ताको विषय हो। र, जेन-जी आन्दोलन त्यही प्रवृत्तिविरुद्धको विस्फोट थियो।

जेन-जी विद्रोहको एक महिनापछि आयोजित कांग्रेस केन्द्रीय कार्यसमितिको बैठकलाई सम्बोधन गर्दै सभापति शेरबहादुर देउवाले आफू सक्रिय राजनीतिबाट अलग भएको घोषणा गर्दै पार्टीलाई लोकतान्त्रिक मार्ग र शैलीमा हिँडाउन सहकर्मी नेताहरूलाई आग्रह गरेका थिए। हो, त्यही बेला देउवाले लामो समयको अन्तरालपछि कांग्रेसभित्र र बाहिरबाट सहानुभूति पनि पाएका थिए।

# भ्रष्टाचार नियन्त्रण गर्न गगन थापाका ८ संकल्प,

## भ्रष्टाचारको आरोप लागे स्वत: निलम्बन

● टक नेपाल

नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले नागरिकमा राज्यप्रति निराशा बढ्नुको मुख्य कारण भ्रष्टाचार भएको भन्दै भ्रष्टाचार नियन्त्रणका लागि आठबुँदे संकल्प गरेका छन्। विकासको गति अवरुद्ध हुनु, सार्वजनिक सेवामा नागरिकको भरोसा कमजोर हुनु र राज्यप्रति नै निराशा बढ्नुको मुख्य कारण भ्रष्टाचार नै रहेको महामन्त्री थापाको निष्कर्ष छ। उनले भ्रष्टाचारको आरोप लागेका कुनै पनि तहका नेता र सदस्य स्वत: निलम्बन हुने प्रस्ताव नै अघि सारेका छन्। भृकुटीमण्डपमा जारी विशेष महाधिवेशनको बन्दसत्रमा समसामयिक राजनीतिक प्रतिवेदन पेश गर्दै महामन्त्री थापाले आठबुँदे संकल्प प्रस्तुत गरेका हुन्। 'सुशासन भनेको भ्रष्टाचार नियन्त्रण, न्यायपूर्ण उत्तरदायी र परिणाममुखी शासन प्रणाली हो। यसको लागि शासन प्रणालीलाई स्वच्छ, निष्पक्ष रसुशासनयुक्त बनाउन आवश्यक छ,' सुशासन र भ्रष्टाचार शीर्षकमा उनले लेखेका छन्, 'भ्रष्टाचार नेपालका राजनीतिक, प्रशासकिन र आर्थिक समस्याहरूको जरो हो। विकासको गति अवरुद्ध हुनु, सार्वजनिक सेवामा नागरिकको भरोसा कमजोर हुनु र राज्यप्रति नै निराशा बढ्नुको मुख्य कारण भ्रष्टाचार नै हो। राजनीतिक नेतृत्व व्ययं इमान्दार नभएसम्म प्रशासनलाई जति सुधारे पनि भ्रष्टाचार प्रभावकारी रूपमा नियन्त्रण हुन सक्दैन।'

काठमाडौंको भृकुटीमण्डपमा जारी



कुनन र संस्थाको सवलीकरणका साथै राजनीतिक इच्छाशक्ति र नैतिक नेतृत्व आवश्यक पर्ने देखाएको उनले उल्लेख गरेका छन्।

**यस्तो छ आठबुँदे संकल्प :**

१) विधिको शासनलाई व्यवहारिक र प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ। सम्पूर्ण सार्वजनिक पद धारण गरेका व्यक्ति कानुनको अधिनमा रहने, नीतिगत निर्णयको ठोस परिभाषा तय गरी त्यस बाहेकका मन्त्रिपरिषद्का बैठकका निर्णयलाई पनि अख्तियारको छानबिनको दायराभित्र ल्याउने गरी भ्रष्टाचार निवारण ऐन र अख्तियार ऐनको संशोधन गरिनेछ। साथै प्रशासनलाई राजनीतिक दबाबबाट मुक्त रहने गरी निजामती विधेयक संसदबाट पारित गरिने छ। राज्यका संस्थाहरूलाई दलीयकरणबाट मुक्त गरिनेछ। यस्तो व्यवस्था विश्वविद्यालय, विद्यालय तथा अन्य सम्पूर्ण सार्वजनिक निकायहरूमा पनि कार्यान्वयन गरिने छ। स्वार्थको द्वन्द्वसम्बन्धी कानूनका लागि पहलकदमी गरिनेछ।

२) सरकार फेरिएपिच्छे नीति फेर्ने रोगको अन्त्य गर्दै नीतिगत निरन्तरताको लागि आवश्यक पर्ने कानुनी र नीतिगत व्यवस्था गरिने छ। यसका लागि राष्ट्रिय सहमतिमा आधारित दीर्घकालिन नीति तर्जुमा गने प्रणाली विकास गरिने छ।

३) भ्रष्टाचार नियन्त्रणको पहिलो शर्त भनेको राजनीतिक नेतृत्वबाटै उदाहरण स्थापित गर्नु हो। त्यसैले भ्रष्टाचार नियन्त्रणको लागि राजनीतिक इच्छाशक्ति सवलीकरण गर्ने कार्य नेपाली कांग्रेसको मूल नीति हुनेछ। यसका लागि मन्त्री, सांसद र उच्च पदस्थ राजनीतिक व्यक्तिहरूले अनिवार्य रूपमा सपथ लिनुपूर्व आफ्नो सम्पत्ति सार्वजनिक घोषणा गर्ने, पदमा रहँदा र पद छाड्दा सम्पत्तिको तुलना गरिने व्यवस्था कडाइका साथ लागू गर्ने प्रणाली विकास गरिने छ। यससम्बन्धी आवश्यक कानुनको संसोधन गरिने छ।

४) भ्रष्टाचार नियन्त्रणका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखा परिक्षक लगायतलाई कानुनी, संरचनात्मक र व्यवहारिक रूपमा पूर्ण स्वतन्त्र बनाइने छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई आधुनिक प्रविधि, दक्ष अनुसन्धानकर्ता, वित्तीय अपराध विश्लेषण गर्ने क्षमताको दृष्टिकोणले सवलीकरण गरिनेछ।




शीत लहर तथा चिसोबाट हुने क्षती न्यूनीकरण सम्बन्धी सचेतनात्मक सन्देश !!!

- जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौं,
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं,
- घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं,
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओड्ने प्रयोग गर्ने र घर भित्र राति सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं,
- शीतलहर चलेको समयमा शीत नपर्ने सुरक्षित ठाउँमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाऔं,
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो र झोलिलो खानेकुराहरु खाने,





- बालबालिका, वृद्ध-वृद्धा, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने,
- शीत लहर चलेको बेलामा पाल्तु पशुपंक्षीहरुलाई सकेसम्म खुला स्थानमा चराउन नलैजाने, घर टहरामै राखेर पर्याप्त घाँस पराल र दाना दिने,
- चिसोका कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य संस्थामा तुरुन्त उपचारको लागि जाने,
- चिसोका कारण पशुपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी उपचार गर्ने,
- कोठा भित्र आगो, मकल, हिटर लगाएतबाट तातो पार्दा पर्याप्त भेन्टिलेशन (हावा आवगतजावत) को व्यवस्था मिलाउने,
- शीत लहरबाट हुन सक्ने कृषिबाली र पशुपंक्षीको क्षतीलाई न्यून गर्न सेड, छाप्रो, छानो, प्लाष्टिक लगाएतका संरचनाद्वारा सुरक्षित गर्ने।

एकडारा गाउँपालिका, महोत्तरी
मधेश प्रदेश, नेपाल

शीत लहर तथा चिसोबाट हुने क्षती न्यूनीकरण सम्बन्धी सचेतनात्मक सन्देश !!!





- जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौं,
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं,
- घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं,
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओड्ने प्रयोग गर्ने र घर भित्र राति सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं,
- शीतलहर चलेको समयमा शीत नपर्ने सुरक्षित ठाउँमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाऔं,
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो र झोलिलो खानेकुराहरु खाने,
- बालबालिका, वृद्ध-वृद्धा, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने,
- शीत लहर चलेको बेलामा पाल्तु पशुपंक्षीहरुलाई सकेसम्म खुला स्थानमा चराउन नलैजाने, घर टहरामै राखेर पर्याप्त घाँस पराल र दाना दिने,
- चिसोका कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य संस्थामा तुरुन्त उपचारको लागि जाने,
- चिसोका कारण पशुपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी उपचार गर्ने,
- कोठा भित्र आगो, मकल, हिटर लगाएतबाट तातो पार्दा पर्याप्त भेन्टिलेशन (हावा आवगतजावत) को व्यवस्था मिलाउने,
- शीत लहरबाट हुन सक्ने कृषिबाली र पशुपंक्षीको क्षतीलाई न्यून गर्न सेड, छाप्रो, छानो, प्लाष्टिक लगाएतका संरचनाद्वारा सुरक्षित गर्ने।

मधेश प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
जनकपुरधाम, धनुषा



# थारु समुदायले टुँडिखेलमा दुई दिन माघी महोत्सव मनाउने



● टक नेपाल

थारू समुदायले पुस ३० गते र माघ १ गते काठमाडौंको टुँडिखेलमा 'थारु राष्ट्रिय माघी महोत्सव २०८२' मनाउने भएको छ । सोमबार काठमाडौंमा पत्रकार सम्मेलनको आयोजना गर्दै टुँडिखेलमा दुई दिन माघी महोत्सव मनाउन लागिएको थारू राष्ट्रिय माघी महोत्सव, मूल आयोजक समितिका संयोजक एवं थारू कल्याण कारिणीसभाका अध्यक्ष प्रेमिलाल चौधरीले जानकारी दिए। उनले महोत्सव मूल समारोहको उद्घाटन प्रधानमन्त्री सुशीला कार्कीले गर्ने पनि जानकारी दिए । महोत्सवले थारू संस्कृतिको संरक्षण एवं प्रवर्द्धन गर्दै आन्तरिक एवं बाह्य पर्यटकलाई महोत्सवमा सहभागि गराई मुलुकको अर्थतन्त्रमा विकास गर्नमा सहयोग पुर्याउने लक्ष्य राखेको समेत उनको भनाइ छ। उनका अनुसार झाँकी र्याली प्रदर्शन, मूल समुद्घाटन समारोह, विविध थारु सांस्कृकित प्रश्तुती, थारु खानपिन प्रदर्शनी एवं विक्री, सीप हस्तकला, पुस्तक प्रदर्शनी एवं विक्री महोत्सवका मुख्य आकर्षण रहेका छन् । महोत्सवमा थारू सांस्कृतिक नृत्य तथा गीत (मघौटा, सखिया, हुर्दगंवा, झुम्रा, छोक्रा, दिन्नचुवा, रागनी, बडोनाच, होरी, झर्रा, लठ्हवा, मुग्रंहवा नाच) सहित दुई दर्जनभन्दा धैरै सुन्दर नृत्य तथा गीतको प्रस्तुती रहने उनले बताए। महोत्सवमा थारू जातिले माघीपर्वमा खाने विशेष खाना परिकार (ढिक्री, अन्डिकभात, विचरी, तिलको लड्डु, लाइमुरी, भुजा, बन्डी जाँडको झोल, दारू, केरको तरूवा, सखरखण्ड, खरिया, सुँगुर र बङ्गुरको मासु, परेवाको मासु, माछा, घोंघी, गङ्गटो, सिधरा, मसुलार) समेत रहनेछन्। थारु समूदायले माघिलाई नयाँ वर्षको रुपमा मनाउँदै आएको छ।

# ईरान आन्दोलनमा विश्वभरबाट ऐक्येवद्धता

● टक नेपाल



ईरानमा आन्दोलनकारीमाथि सत्तापक्षले गरेको दमनको विरोधमा विश्वभर प्रदर्शन भएको छ। आन्दोलनमा आइतबारसम्म कम्तिमा ५ सय ३८ को मृत्यु भएको अमेरिकास्थित मानव अधिकार अभियन्ता समाचार एजेन्सी (एचआरएएनए) ले जनाएको छ।

एचआरएनएका अनुसार कम्तिमा १० हजार ६ सय जना प्रहरी हिरासतमा छन्।

दमनको विरोधमा पेरिस, बर्लिन, हेग, लण्डनलगायत विभिन्न युरोपेली शहरमा प्रदर्शन भएको छ । न्युजिल्यान्डको अकल्यान्ड, अमेरिकाको ओर्लान्डो र जापानको टोकियोमा ठूलो संख्यामा प्रदर्शनकारीहरुले आन्दोलनप्रति ऐक्येवद्धता जनाएका छन्।

अकल्यान्डमा प्रदर्शनकारीहरुले ईस्लामिक गणतन्त्रको झन्डा च्यातेका छन् । उनीहरुले राजतन्त्रकाल (१९७९ पूर्व) प्रयोग हुने गरेको सिंह र सूर्य अंकित झन्डा इहातमा बोकेका थिए। टोकियोमा पनि प्रदर्शनकारीले पूर्व युवराज रेजा पहल्वीको पक्षमा नारावाजी गरेका छन्।

लण्डनमा शनिबार एक आन्दोलनकारीले दूतावासको बार्दलीमा चढेर ईस्लामिक गणतन्त्रको झन्डा च्यातेका छन् । उनले राजतन्त्रकालमा प्रयोग हुने झन्डालाई फहराए।

गत बिहीबारदेखि इन्टरनेट र टेलिफोन सम्पर्क टुटेकाले यहाा भएको मानवीय क्षतिको बिस्तृत विवरण पत्ता लगाउन अन्तर्राष्ट्रिय सञ्चार माध्यम तथा मानवअधिकारवादी संस्थालाई कठिन भएको छ। इन्टरनेट सम्बन्धी अनुगमन गर्ने संस्था नेटब्लक्सले इरानमा ८४ घण्टाभन्दा लामो समयदेखि राष्ट्रव्यापी रुपमा इन्टरनेटमा अवरोध देखिएको जनाएको छ। आन्दोलनकारीहरुले विकल्पमा सर्टवेव रेडियो, सीमा क्षेत्रका टेलिफोन टावर र स्टारलिंक टर्मिनलहरु प्रयोग गरिरहेको नेटब्लकले जनाएको छ। आन्दोलनकारीको नरसंहारलाई ढाकछेप गर्नका लागि ईरानको सत्ताले सञ्चार अवरोध गरेको आरोप मानवअधिकारवादी संस्थाहरुले लगाएका छन्। ईरानका अस्पतालहरु बिरामीले भरिभराउ रहेको त्यहाा कार्यरत चिकित्सकहरुले बताएका छन्।

सामाजिक सञ्जालमा भाइरल भएका तस्बिर तथा भिडियोले आन्दोलन हिंसात्मक बन्दै गएको देखाउछ । आक्रोशित आन्दोलनकारीहरुले विभिन्न शहरमा तोडफोड तथा आगजनी गरेका छन्।

इरानमा २८ डिसेम्बरमा व्यापारीहरूले मुल्यवृद्धिको विरोधमा आन्दोलन थालेका थिए।


## शीत लहर तथा चिसोबाट हुने क्षती न्यूनीकरण सम्बन्धी सचेतनात्मक सन्देश !!!



- जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौं,
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं,
- घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं,
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओड्ने प्रयोग गर्ने र घर भित्र राति सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं,
- शीतलहर चलेको समयमा शीत नपर्ने सुरक्षित ठाउँमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाऔं,
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो र झोलिलो खानेकुराहरु खाने,



- बालबालिका, वृद्ध-वृद्धा, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने,
- शीत लहर चलेको बेलामा पाल्तु पशुपंक्षीहरुलाई सकेसम्म खुला स्थानमा चराउन नलैजाने, घर टहरामै राखेर पर्याप्त घाँस पराल र दाना दिने,
- चिसोका कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य संस्थामा तुरुन्त उपचारको लागि जाने,
- चिसोका कारण पशुपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी उपचार गर्ने,
- कोठा भित्र आगो, मकल, हिटर लगाएतबाट तातो पार्दा पर्याप्त भेन्टिलेशन (हावा आवगतजावत) को व्यवस्था मिलाउने,
- शीत लहरबाट हुन सक्ने कृषिबाली र पशुपंक्षीको क्षतीलाई न्यून गर्न सेड, छाप्रो, छानो, प्लाष्टिक लगाएतका संरचनाद्वारा सुरक्षित गर्ने।

जनकपुरधाम उपमहानगरपालिका, धनुषा
मधेश प्रदेश, नेपाल








## शीत लहर तथा चिसोबाट हुने क्षती न्यूनीकरण सम्बन्धी सचेतनात्मक सन्देश !!!



- जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौं,
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं,
- घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं,
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओड्ने प्रयोग गर्ने र घर भित्र राति सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं,
- शीतलहर चलेको समयमा शीत नपर्ने सुरक्षित ठाउँमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाऔं,
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो र झोलिलो खानेकुराहरु खाने,



- बालबालिका, वृद्ध-वृद्धा, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने,
- शीत लहर चलेको बेलामा पाल्तु पशुपंक्षीहरुलाई सकेसम्म खुला स्थानमा चराउन नलैजाने, घर टहरामै राखेर पर्याप्त घाँस पराल र दाना दिने,
- चिसोका कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य संस्थामा तुरुन्त उपचारको लागि जाने,
- चिसोका कारण पशुपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी उपचार गर्ने,
- कोठा भित्र आगो, मकल, हिटर लगाएतबाट तातो पार्दा पर्याप्त भेन्टिलेशन (हावा आवगतजावत) को व्यवस्था मिलाउने,
- शीत लहरबाट हुन सक्ने कृषिबाली र पशुपंक्षीको क्षतीलाई न्यून गर्न सेड, छाप्रो, छानो, प्लाष्टिक लगाएतका संरचनाद्वारा सुरक्षित गर्ने।

जलेश्वर नगरपालिका, महोत्तरी
मधेश प्रदेश, नेपाल

## महाधिवेशनबारे कार्यसम्पादन समितिको निर्णयमा अडिग छौं : सहमहामन्त्री यादव



टक नेपाल

नेपाली कांग्रेसका सहमहामन्त्री महेन्द्र यादवले पार्टी केन्द्रीय कार्यसम्पादन समितिको बैठकले विशेष महाधिवेशनसम्बन्धी गरेको निर्णयमा अडिग रहेको बताएका छन् ।

सभापति शेरबहादुर देउवासँगको सोमबार भएको छलफलपछि महाराजगञ्जबाट बाहिरिने क्रममा उनले विशेष अधिवेशनको औचित्य छैन भनिसकेका कारण पार्टी केन्द्रीय कार्यसम्पादन समितिको निर्णयमा अडिग रहेको बताएका हुन् । 'केन्द्रीय कार्यसमिति एक ढिक्का भएर पार्टी जोगाउने हो । सबैलाई एकढिक्का रहन आह्वान गर्ने हो,' सहमहामन्त्री यादवले भने, 'कार्यसम्पादनको बैठकले विशेष अधिवेशन वा भेलाको औचित्य छैन भनिसकेको कारणले केन्द्रीय कार्यसमिति निर्णयमा अडिग छ ।' कार्यसम्पादन समितिको १८ पुसमा बसेको बैठकपछि कांग्रेसले जारी गरेको विज्ञप्तिमा १५ मंसिरदेखि नै विशेष महाधिवेशनको माथ स्वतः समाप्त भएको दाबी गरेको थियो । 'नियमित १५औं महाधिवेशनको कार्यतालिकाबमोजिम आवश्यक प्रक्रिया अघि बढिसकेको सन्दर्भमा 'विधानबमोजिम समयमै नियमित १५औं महाधिवेशन वा सोही अवधिमा विशेष महाधिवेशन' गर्न भनी माग गरिएको विशेष महाधिवेशनको औचित्य १५ मंसिरदेखि नै स्वतः समाप्त भएको व्होरा स्पष्ट गरिन्छ,' विज्ञप्तिमा भनिएको थियो । सहमहामन्त्री यादवले आगमी वैशाखमा हुने कांग्रेसको १५औं महाधिवेशनले नेतृत्व चयन गर्ने पनि जिकिर गरे । 'नेपाली कांग्रेसको १५ औं महाधिवेशन वैशाख २८-३१ मा हुन्छ । केन्द्रीय कार्यसम्पादन समितिबाट कार्यतालिका आइसकेको छ । त्यहीबाट केन्द्रीय नेतृत्व चयन हुन्छ,' उनले भने, 'विशेष महाधिवेशन केन्द्रीय कार्यसमितिले गरेकै छैन । केन्द्रीय कार्यसमितको निर्णयलाई वडादेखि माथिसम्म सबैले मान्नु पर्ने हुन्छ ।' सहमहामन्त्री यादवले सबै जना एकढिक्का भएर आगामी आमनिर्वाचनमा पार्टीका उम्मेदवार जिताउनुपर्नेमा पनि जोड दिए । देउवा निवासमा अहिले पनि छलफल जारी छ ।

vianet
अब सबै connected

## प्रेस जनमत संघमा जेनजीहरू पत्रकारिता गर्ने उद्देश्यले एक दर्जन युवाहरू प्रवेश

टक नेपाल

प्रेस जनमत संघमा नयाँ ऊर्जासहित जेनजीहरु पत्रकारिता गर्ने उद्देश्यले एक दर्जन युवाहरू प्रवेश गरेका छन् ।

पत्रकारिता क्षेत्रमा प्रवेश गरी पत्रकारिता मार्फत समाजमा योगदान पुऱ्याउने लक्ष्यका साथ संगठित भएका उर्जावान युवाहरूलाई प्रेस जनमत संघद्वारा आज स्वागत तथा सम्मान गरिएको छ ।

जेनजी युवाहरूलाई प्रवेश कार्यक्रममा वक्ताहरूले पत्रकारिता समाजको ऐना भएको उल्लेख गर्दै नयाँ पुस्ताका पत्रकारहरूले व्यावसायिक मर्यादा र पत्रकार आचारसंहिताको पूर्ण पालना गर्दै सत्य, निष्पक्ष र जिम्मेवार पत्रकारिता गर्नुपर्नेमा जोडदिए। प्रेस जनमत संघले नवप्रवेशी पत्रकारहरूलाई व्यावसायिक पत्रकारिता तथा पत्रकार आचारसंहितासम्बन्धी आवश्यक तालिम तथा




प्रशिक्षण गर्ने र पत्रकारिता क्षेत्रलाई अझ सबल, सक्षम र सशक्त बनाउने लक्ष्यका साथ क्रियाशील रहेको संघले जनाएको छ। संगठन विभाग प्रमुखका अनुसार नवप्रवेश गरेका युवाहरूलाई पत्रकारिता क्षेत्रमै आफ्नो भविष्य खोज्न र युवाहरूलाई सबल बनाउन पार्टीले गर्नुपर्ने कार्यहरू कर्तव्य निष्ठ भएर गर्ने बताए।

कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको भन्दै प्रेस जनमत संघ केन्द्रीय अध्यक्ष अवधेश झाले आयोजक पक्षलाई विशेष धन्यवाद व्यक्त गरेको छ। प्रेस जनमत संघ सप्तरीका अध्यक्ष रुपेश यादवको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रमुख अतिथिका रूपमा जनमत पार्टीका राष्ट्रिय उपाध्यक्ष तथा संगठन विभाग प्रमुख डा. जयकान्त राउत सहभागी थिए। कार्यक्रममा प्रेस जनमत संघका केन्द्रीय अध्यक्ष अवधेश झा, सह-अध्यक्ष आर्यन विश्वास, केन्द्रीय सदस्य चन्दन र जक तथा जनमत पार्टीका जिल्ला इन्चार्ज रामगमन साहलगायतको विशेष उपस्थिति रहेको थियो।

## मन्त्रिपरिषद् बैठकका ६ निर्णय सार्वजनिक

टक नेपाल

सरकारले वित्तीय क्षेत्र विकास रणनीति २०८२-०८३ देखि २०८६-०८७ स्वीकृत गर्ने निर्णय गरेको छ।

आजै बसेको मन्त्रिपरिषद् बैठकले वित्तीय क्षेत्र विकास रणनीति स्वीकृत गर्ने निर्णय गरेको हो।


**यस्ता छन् निर्णयहरू**

- अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (ईसीमोड) को सदस्य राष्ट्रको हैसियतले नेपालले बुझाउनुपर्ने सन् २०२४ को वार्षिक योगदान अमेरिकी डलर रकम २ लाख ८३ हजार ५०३ अमेरिकी डलर प्रदान गर्न स्वीकृति दिने।
- वित्तीय क्षेत्र विकास रणनीति २०८२-०८३ देखि २०८६-०८७ स्वीकृत गर्ने।
- २०२५ मार्चको भूकम्पबाट क्षतिग्रस्त म्यानमारको महामुनीफैया बौद्ध पगैडाको अभिलेखालय र गंगाघाट मन्दिरको पुनर्निमाणका लागि अमेरिकी डलर ३ लाख ५० हजार आर्थिक सहयोग उपलब्ध गराउने।
- मानव बेचविखनविरुद्धको राष्ट्रिय नीति २०८२ स्वीकृत गर्ने।
- गोरखापत्र संस्थानको अध्यक्ष पदमा श्री गोविन्द प्रसाद भण्डारी, भक्तपुरलाई नियुक्त गर्ने।
- संवत् २०८२ साल माघ ४ गते बिहान ११ बजे संघीय संसद् सचिवालय सिंहदरबारमा संघीय संसद्को राष्ट्रिय सभाको अधिवेशन आह्वान गर्न सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने।


शीत लहर तथा चिसोबाट हुने क्षती न्यूनीकरण सम्बन्धी सचेतनात्मक सन्देश !!!

- जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौं,
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं,
- घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं,
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओड्ने प्रयोग गर्ने र घर भित्र राति सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं,
- शीतलहर चलेको समयमा शीत नपर्ने सुरक्षित ठाउँमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाऔं,
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खाने कुरा र पर्याप्त मात्रामा तातो र झोलिलो खाने कुराहरु खाने,






- बालबालिका, वृद्ध-वृद्धा, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने,
- शीत लहर चलेको बेलामा पाल्तु पशुपंक्षीहरुलाई सकेसम्म खुला स्थानमा चराउन नलैजाने, घर टहरामै राखेर पर्याप्त घाँस पराल र दाना दिने,
- चिसोका कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य संस्थामा तुरुन्त उपचारको लागि जाने,
- चिसोका कारण पशुपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी उपचार गर्ने,
- कोठा भित्र आगो, मकल, हिटर लगाएतबाट तातो पार्दा पर्याप्त भेन्टिलेशन (हावा आवगतजावत) को व्यवस्था मिलाउने,
- शीत लहरबाट हुन सक्ने कृषिबाली र पशुपंक्षीको क्षतीलाई न्यून गर्न सेड, छाप्रो, छानो, प्लाष्टिक लगाएतका संरचनाद्वारा सुरक्षित गर्ने।

भगहा नगरपालिका, महोत्तरी
मधेश प्रदेश, नेपाल



अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तीको एकमात्र अस्पताल

- २४ सं घण्टा इमर्जेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD




शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०


बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशक: तुलसामाया कार्की, अध्यक्ष निर्देशक: ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014